नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

जिन्सी सामानहरुको लिलाम बढाबढ सम्बन्धी
पुनः बोलपत्र आव्हानको सूचना
दोस्रो पटक प्रकाशित मिति: २०७३।४।१९

यस कार्यालयमा रहेका पुराना फर्निचर र इलेक्ट्रोनिक्स तथा मेशिनरी लगायतका मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट बढाबढ गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुले निम्न लिखित शर्तको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समयसम्म यस कार्यालयबाट रु. ३००।- (तीन सय फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । अन्तिम दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेपछिको दिनको कार्यालय समयसम्म खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । सो दिन विदा परेमा त्यस दिन पछिको कार्यालय खुलेको दिनको १२:०० बजे भित्र दर्ता गराई सक्नुपर्नेछ । बोलपत्र फराम सिलबन्दी गरी खामको बाहिर बोलपत्रदाताको नाम, ठेगाना खुलाई **नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको जिन्सी सामान लिलाम सम्बन्धी बोलपत्र,** २०७३ उल्लेख भएको हुनुपर्नेछ ।

३. पर्न आएका सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको २:०० बजे यस कार्यालयमा उपस्थित व्यक्ति/फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर व्यक्ति वा फर्मको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलापत्र खोल्न वाधा पर्ने छैन । उक्त बोलपत्र खोल्ने दिन विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ । बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र स्वीकृत बोलपत्रदाताले सामान उठाई सकेको हुनुपर्ने छ ।

४. सिलबन्दी बोलपत्र साथ आफूले कबोल गरेको अङ्कको १० (दश) प्रतिशतले हुन आउने बोलपत्र जमानत वापतको रकम नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयको नेपाल राष्ट्र बैंकमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा नगद जम्मा गरेको बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिन म्याद भएको वाणिज्य बैंक द्वारा यस कार्यालयको नाममा जारी भएको सोही रकम बराबरको बैंक ग्यारेण्टी (विडवोण्ड) पेश गर्नुपर्नेछ ।

५. बोलपत्र पेश गर्ने इच्छुक रजिष्टर्ड फर्म/कम्पनीले मुल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७१/७२ सम्मको करचुक्ता पत्रको प्रमाणित प्रतिलिपि, सार्वजनिक खरिद विक्री सम्बन्धी कार्यमा अयोग्य नभएको स्वघोषणा र इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि बोलपत्र फारामसाथ संलग्न राख्नु पर्नेछ ।

६. सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको सिलवन्दी बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

७. सिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

८. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

९. मालसामानको कुल न्युनतम मूल्य रु. ३२,८०५।- (अक्षेरुपी बत्तीस हजार आठसय पांच) कायम भएकोले सो रकम देखि माथि मात्र कबोल अंक लेख्न सकिने छ । बोलपत्र स्वीकृत भएको बोलपत्रदाताले आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर १३% समेत थप गरी जम्मा हुन आउने रकम दाखिला (भुक्तानी) गर्नेपर्नेछ ।

१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा वा उल्लेखित सामानहरु हेर्नु परेमा कार्यालय खुलेको समय भित्र यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्न सकिने छ ।

११. यो सूचना कार्यालयको सूचना पाटी, वेभसाइट WWW.nepalcopyright.gov.np मा समेत हेर्न सकिनेछ ।

शाखा अधिकृत